# लगिक समानता तथा सामाजिक समावशिकरण मलपवाहिकरण


# रणनोतिक याजना

आ.ब. २०७८।०७९ दखि ०८२।०८३ सम्म

# राप्तो सानारो गाउपालिका

## अगया, बाक

## लम्बिनो पदश, नपाल




स्रोत: स्थलरुप नक्सा (स्केल १:२५००० / १:५००००), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग
तयार पार्ने: गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोग

Projection System: MUTM, Spheroid - Everest 1830
LLRC,2016

# परिच्छेद १

## पृष्ठभूमि

नेपाल एक बहुजातीय, बहुभाषिक, बहुधार्मिक एवम् बहुसाँस्कृतिक विशेषतायुक्त देश हो । प्रत्येक समुदाय, जातजातिहरुको समानुपातिक , सन्तुलित र न्यायसँगत प्रगति हुन सके मात्रै मुलुकमा दिगो शान्ति र उन्नति प्रत्याभूत हुन्छ ।

नेपालको संविधानको प्रस्तावनामा नै लैङ्गिक समानता र सामाजिक समावेशीकरणलाई आत्मसात गरिएको छ भने यसलाई मौलिक हक र राज्यका निर्देशिक सिद्धान्तहरुमा पनि व्याख्या गरिएको छ । नेपाल सरकारको नीति, कार्यक्रम तथा बजेट वक्तव्यहरु र विभिन्न कानूनी दस्तावेजहरुमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका मुद्दाहरूलाई सम्बोधन गर्दै राष्ट्रिय प्राथमिकतामा राखिएको छ । यसै कार्यलाई कार्यान्वयन गर्न महिला तथा बञ्चितीमा परेको वर्गहरुलाई विकासको मूलप्रवाहमा ल्याई समावेशी विकास गर्न विभिन्न सरोकारवाला निकायहरुले विभिन्न प्रयास गर्दै आइरहेका छन् ।

संघियता पश्चात स्थानीय बिकास आवश्यकता परिपूर्तिका लागी आवश्यक नीति,कानून, योजना र कार्यक्रम तर्जुमा स्थानीय तहले गर्ने तथा योजना निर्माणका बिभिन्न चरणमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण एवम् मूलप्रवाहीकरणका प्रकृयाका लागी आवश्यक समन्वय कायम गराउनुका साथै सहकार्यका लागि प्रतिवद्धता व्यक्त भएका छन । स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा व्यवस्था भए अनुसार स्थानीय तहले आफ्नो क्षेत्रका विकासका लागि आवधिक र बार्षिक योजना तर्जुमा गर्दा महिला र बालबालिका, अपाङ्गता भएका व्यक्ति तथा पिछडिएको समुदायको विकासको लागि आयमूलक तथा सिपमूलक कार्यक्रमहरुलाई प्राथमिकता दिनुपर्ने व्यवस्था छ । सन् २०३० सम्ममा हासिल गर्ने प्रतिबद्धता जनाईएको दिगो बिकासका लक्ष्यहरु तथा नेपालको पन्ध्रौ योजनामा समेत लैगिंक समानता तथा सामाजिक समावेशिकरणका बिषयलाई महत्वपूर्ण स्थान दिईएको छ ।

समाजमा विद्यमान लैङ्गिक, जातीय असमानता, विभेदयुक्त व्यवहार र मान्यता, महिला हिंसा, महिला शोषण तथा उत्पीडन, गरिवी, आदि जस्ता विसंगतिहरुलाई निरुत्साहित गर्न नेपाल सरकारले बिभिन्न ऐन, कानून, नीति तथा कार्यक्रमहरु तर्जुमा गरी कार्यान्वयन गर्दै आईरहेको छ साथै अन्तर्राष्ट्रिय स्तरमा समेत यसका लागी बिभिन्न प्रतिबद्धताहरु व्यक्त गरेको छ । हाल स्थानीय स्तरमा समेत यस बिषयमा भएका र आवश्यक पहलहरुको योजनाबद्ध कार्यान्वयन र सम्बद्ध सबै सरोकारवालाहरु( सरकार, गैर सरकारी क्षेत्र, निजी क्षेत्र तथा नागरिक समाज र दातृ निकाय लगायत सबै) को साझा प्रयास मार्फत लैगिंक समानता तथा सामाजिक समावेशिकरण मूलप्रवाहिकरणलाई व्यवस्थित र प्रभावकारी बनाउनका लागी राप्ती सोनारी गाउँपालिकाले यो रणनीतिक योजनाको तर्जुमा गरेको छ ।

## गाउँपालिकाको परिचय

राप्ती सोनारी गाउँपलिका जनसंख्याको हिसाबले नेपालकै सबैभन्दा ठूलो गाउँपालिका हो । कुल क्षेत्रफल १०४१.७३ वर्ग कि.मि रहेको यो गाउँपालिकाको अधिकांश भूभागले बाँके जिल्लाको उत्तर भावर क्षेत्रलाई समेटेको छ । पूर्वमा दाङ जिल्ला, पश्चिममा कोहलपुर न.पा र डुडुवा गा.पा., उत्तरमा दाङ र सल्यान जिल्ला र दक्षिणमा नरैनापुर गा.पा र भारतीय सिमानाको चौघेरामा यो गाउँपालिका रहेको छ । साविकका ६ वटा गाविसहरु खासकुश्मा,कचनापुर, बैजापुर, बिनौना, फत्तेपुर र महादेवपुरी मिलेर निर्माण भएको यो गाउँपालिका ९ वडामा विभाजित छ । यस गाउँपालिकाको कुल जनसंख्या ५९,९४६ रहेको छ भने गाउँपालिकाको कार्यालय केन्द्रका हिसाबले साविक कचनापुर गाविसको कार्यालय वडा नं. २ को अगैयामा रहेको छ ।

## रणनीतिक योजना तयारीको उद्देश्य

- स्थानीय तहमा लैगिंक समानता तथा सामाजिक समावेशिकरणका क्षेत्रमा हालसम्म भएका प्रयासहरुलाई ब्यवस्थित गर्ने ।
- लैगिंक समानता तथा सामाजिक समावेशिकरणका लागी लक्षित बर्ग तथा सरोकारवालाहरुको पहिचान गर्ने ।
- लैगिंक समानता तथा सामाजिक समावेशिकरणका क्षेत्रमा भएका मुख्य समस्या तथा चुनौतिहरुको पहिचान गरी समाधानका उपायहरुको खोजि गर्ने ।
- लैगिंक समानता तथा सामाजिक समावेशिकरणका क्षेत्रमा आगामी दिनमा गर्नुपर्ने कार्यहरुको पहिचान गरी मूलप्रवाहिकरणका लागी आवश्यक रणनीतिहरुको तर्जुमा गर्ने ।
- लैगिंक समानता तथा सामाजिक समावेशिकरण मूलप्रवाहिकरणका क्षेत्रमा स्थानीय तह भित्र हुने कार्यहरुमा एकरुपता कायम गर्ने ।
- लैगिंक समानता तथा सामाजिक समावेशिकरण मूलप्रवाहिकरणका लागी साझा प्रयासको थालनी गर्ने ।


## रणनीतिक योजना तुर्जमाको बिधि तथा प्रकृया

यस गाउँपालिकाको लैगिंक समानता तथा सामाजिक समावेशिकरण मूलप्रवाहिकरण रणनीतिको तर्जुमाका लागी स्थानीय तहका पदाधिकारीहरु संग प्रारम्भीक बैठक बसी योजना निर्माणको आवश्कता तथा महत्व, योजना निर्माणका लागी गर्नुपर्ने कार्यहरुका बिषयमा छलफल गरी रणनीतिक योजना निर्माणका लागी एक कार्यदल गठन गरीएको थियो । तत्पश्चात स्थानीय तहमा लैगिंक समानता तथा सामाजिक समावेशिकरण मूलप्रवाहिकरण सम्बन्धि आवश्यक दस्ताबेज तथा तथ्याङ्क संकलन, अध्ययन र बिश्लेषण गरी कार्यदल तथा पदाधिकारीहरु संगको छलफल पछि स्थानीय तहका पदाधिकारी, कर्मचारी तथा सम्बन्धित सरोकारवालाहरुलाई लैगिंक समानता तथा सामाजिक समावेशिकरण मूलप्रवाहिकरणको

महत्व, आवश्यकता तथा रणनीति निर्माण सम्बन्धि अभिमुखिकरण गरीएको थियो । यसै क्रममा लक्षित समुदायका समस्या, माग तथा आवश्यकता पहिचानका लागी लक्षित समुह छलफल तथा रणनीतिको परिकल्पना, लक्ष्य, उद्देश्य तथा रणनीतिहरु निर्माणका लागी पालिका स्तरमा कार्यशालाको संचालन गरीएको थियो । स्थानीय तहमा लै.स.सा.स को अवस्था बिश्लेषण गर्नका लागी बिभिन्न ब्यक्तिहरु संग अर्न्तवार्ता तथा छलफल समेत गरीएको थियो । तथ्याङ्क संकलन, अध्ययन र बिश्लेषण, कार्यशाला, लक्षित समुह संग छलफल पश्चात रणनीतिको मस्यौदा तयारी गरी बिभिन्न सरोकारवालाहरुसंग मस्यौदा माथि सुझाव तथा पृष्ठपोषण संकलन कार्य गरीएको थियो । प्राप्त सुझाव तथा पृष्ठपोषणहरुका आधारमा मस्यौदालाई अन्तिम रुप दिई स्थानीय तह संग मस्यौदा माथी छलफल गरी अन्तिम मस्यौदा कार्यपालिकामा छलफल तथा पारितका लागी पेश गरीएको थियो ।

## रणनीतिक योजना तुर्जमाका चरणहरु

तपशिल बमोजिमका चरणहरु पश्चात यस रणनीतिक योजनाको निर्माण गरिएको छ ।




## रणनीतिक योजना निर्माणका आधारहरु

लैंगिक समानता तथा सामाजिक समावेशीकरणका सम्बन्धमा नेपालको संबिधान, बिभिन्न कानुनमा बिद्यमान ब्यवस्थाहरु तथा नेपालले राष्ट्रिय तथा अर्न्तराष्ट्रिय जगतमा गरेका बिभिन्न प्रतिबद्धताहरु यस रणनीतिक योजनाको आधारका रुपमा रहेका छन् । यस रणनीतिक योजनाका बिभिन्न आधारहरुलाई तपशिल बमोजिम उल्लेख गरिएको छ ।

| क्र.सं. | आधार | विवरण |
| --- | --- | --- |
| १ | नेपालको संबिधान | ❖ वर्गीय, जातीय,क्षेत्रीय, भाषिक, धार्मिक, लैगिंक विभेद र सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागीतामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प<br>❖ **<u>मौलिक हक अर्न्तगत</u>**<br>✓ धारा १६ मा सम्मानपूर्वक बाँच्न पाउने हक<br>✓ धारा १८ मा समानताको हक<br>✓ धारा २४ मा छुवाछुत तथा भेदभाव विरुद्धको हक<br>✓ धारा ३८ मा महिलाको हक<br>✓ धारा ३९ मा बालबालिकाको हक<br>✓ धारा ४० मा दलितको हक<br>✓ धारा ४२ मा सामाजिक न्याय, धारा ४३ सामाजिक सुरक्षाको हक<br>❖ राज्यका निर्देशक सिद्धान्तहरुमा लैगिंक समानता, समानुपातिक समावेशीकरण, सहभागीता र सामाजिक न्यायको माध्यमबाट राष्ट्रिय जीवनका सबै क्षेत्रमा न्यायपूर्ण व्यवस्था कायम गर्दै लोककल्याणकारी राज्यव्यवस्थाको स्थापना गर्ने उल्लेख भएको ।<br>❖ राज्यका नीतीहरु<br>❖ स्थानीय सरकारले संबिधान, संघ र प्रदेश कानुन संग नबाझिने गरी आवश्यक कानून निर्माण गरी लागु गर्न सक्ने ।<br>❖ अनुसूचि ८ स्थानीय तहको अधिकार सूचि |
| २ | १५ औ योजना | ❖ सम्वृद्ध नेपाल सुखी नेपाली को दिगो सोच<br>❖ सामाजिक क्षेत्र अर्न्तगत लैगिंक समानता तथा महिला सशक्तिकरणका लागी लैगिंक समानतामूलक राष्ट्रको सोच<br>❖ लैगिंक सम्बन्धी क्षेत्रगत नीती, कानुन तथा कार्यक्रम तर्जुम ागर्ने रणनीति<br>❖ समावेशीकरण अर्न्तगत राज्यका सबै नागरीकको र अर्थपूर्ण सहभागीतामा समावेशी बिकासको सोच तथा स्रोत साधनमा लक्षित बर्गको पहुँच बढाउने रणनीति रहेको |
| ३ | दिगो बिकासका लक्ष्यहरु सन् २०१६ देखि २०३० | ❖ लक्ष्य ५ मा सन् २०३० सम्म लैगिंक समानता हासील गर्ने र सबै महिला र किशोरीहरुको सशक्तिगकरण गर्ने लक्ष्य<br>❖ लक्ष्य १० असमानता न्यूनीकरण गर्ने (उमेर, लिङ्ग, अपाङ्गता, जातीयता, उत्पत्ति, धर्म वा आर्थिक वा अन्य हैसियत जेसुकै भए तापनि सबैका लागि सामाजिक तथा राजनीतिक समावेशितालाई प्रवर्द्धन गरी त्यसलाई सशक्त पार्ने ) |

| | | |
|---|---|---|
| ४ | स्थानीय सरकार संचालन ऐन २०७४ | गाँउपालिका तथा नगरपालिकाको काम कर्तब्य र अधिकार( परिच्छेद ३, दफा ११)<br>❖ स्थानीय तथ्याङ्क र अभिलेख सङ्कलन<br>❖ स्थानीय स्तरका बिकास आयोजना तथा परीयोजना ब्यवस्थापन<br>❖ जेष्ठ नागरीक, अपाङ्गता भएका ब्यक्ति र अशक्तहरुको ब्यवस्थापन<br>दफा १२ वडा समितिको काम कर्तब्य अधिकार<br>❖ सहभागीता मूलक योजना तर्जुमा प्रणली अनुसार बस्ती वा टोल स्तरमा योजना तर्जुमा ।<br>❖ बिकास कार्य |
| ५ | राष्ट्रिय लैगिंक समानता नीती २०७७ | ❖ लैगिंक समानतायुक्त राष्ट्रको सोच<br>❖ महिलाको आर्थिक, सामाजिक र राजनीतिक रुपमा सशक्तिकरण सहित कानूनी तथा ब्यवहारिक रुपमा महिला, पुरुष, लैगिंक तथा यौनिक अल्पसंख्यक बीच समानता स्थापित गर्ने लक्ष्य । |
| ६ | राप्ती सोनारी गाउँपालिकाका नीति, कार्यक्रम तथा योजनाहरु | ❖ बार्षिक नीति तथा कार्यक्रम, योजना<br>❖ अन्य बिभिन्न नीतिहरु |
| ७ | बिभिन्न अर्न्तराष्ट्रिय घोषणा तथा प्रतिबद्धताहरु | ❖ मानव अधिकार सम्बन्धि बिश्व घोषणा पत्र १९४८<br>❖ महिला बिरुद्ध हुने सबै प्रकारका बिभेद अन्य गर्ने अभिसन्धि १९७९<br>❖ बाल अधिकार महासन्धि १९८९<br>❖ अपाङ्गता भएका ब्यक्तिहरुको अधिकार सम्बन्धि महासन्धि २००६<br>❖ सबै प्रकारका जातीय भेदभाव अन्त्य गर्ने अर्न्तराष्ट्रिय महासन्धि १९६५ |

## परीभाषा तथा मुख्य शब्दावलीहरु

**क**) **“स्थानीय तह”** भन्नाले राप्ती सोनारी गाउँपालिकालाई सम्भन्नु पर्दछ ।

**ख**) **“गाउँपालिका”** भन्नाले राप्ती सोनारी गाउँपालिकालाई सम्भन्नु पर्दछ ।

**ग**) **“लै.स.सा.स”** भन्नाले लैगिंक समानता तथा सामाजिक समावेशिकरणलाई सम्भन्नु पर्दछ ।

**घ**) **“ पदाधिकारी”** भन्नाले राप्ती सोनारी गाउँपालिकाका निर्वाचित तथा मनोनित जनप्रतिनिधिहरुलाई सम्भन्नु पर्दछ ।

**ङ**) **“रणनीति”** भन्नाले राप्ती सोनारी गाउँपालिकाको लैगिक समानता तथा समाजिक समावेशिकरण राणनीति सम्भन्नु पर्दछ ।

**च**) **“कार्यक्रम”** भन्नाले निश्चित उद्देश्य प्राप्तिका लागि तयार गरिएको आयोजनाहरुको संयोजित रुप सम्भन्नु पर्दछ ।

**छ) "योजना"** भन्नाले समग्र विकास निमार्ण सम्वन्धी कार्यको लागि तयार गरिएको स्थानीय तहको आवधिक विकास योजना, वार्षिक विकास योजना, एकिकृत शहरी विकास योजना, जिल्ला सडक गुरुयोजना र विषयगत गुरुयोजना, रणनीति योजना आदि सम्झनु पर्छ ।

**ज) "सामाजिक समावेशीकरण"** भन्नाले अवसर तथा स्रोत साधन उपभोग गर्नबाट वञ्चित भई जोखिममा परेका र स्तरयुक्त आर्थिक, सामाजिक तथा साँस्कृतिक जीवनयापन गर्नबाट बञ्चित भई गरिवी तथा सामाजिक रुपमा वञ्चितिकरणमा परेका समूहहरुलाई विकास निर्माण र कार्यसम्पादनका प्रकृयामा सहभागी गराई उपलब्ध अवसर, श्रोत, साधन तथा आधारभूत अधिकार उपयोग गर्ने कुराको सुनिश्चिततालाई सम्झनु पर्दछ ।

**झ) "विकास साझेदार"** भन्नाले कानुन बमोजिम स्थानीय तहमा आर्थिक, समाजिक लगायत बिकासका लागी नगद, जिन्सी एवम् प्रविधिक सहयोग उपलब्ध गराउने द्विपक्षीय एवम् बहुपक्षीय दातृ निकाय, संयुक्त राष्ट्रसंघीय निकायहरु तथा अन्तरतष्ट्रिय गैरसरकारी संस्था सम्झनु पर्छ ।

**ञ) "उपभोक्ता समिति"** भन्नाले आयोजनाबाट प्रत्यक्ष लाभ पाउने व्यक्तिहरुको समूहले कुनै आयोजना निर्माण, सञ्चालन, व्यवस्थापन र मर्मत सम्भार गर्नको लागि आफूहरु मध्येबाट निश्चित प्रक्रिया बमोजिम गठन गरेको समिति सम्झनु पर्छ ।

**ट) "सामुदायिक संस्था"** भन्नाले जनचेतना सम्वन्धी तालिम, अभिमुखिकरण, सिप विकास, बचत, कर्जा परिचालन, समावेशी विकास र सशक्तिकरण गर्ने उद्देश्यले निश्चित प्रक्रिया अवलम्वन गरी प्रचलित कानून बमोजिम स्थापना भएका संस्था तथा स्थानीय तहमा सूचीकृत भएका समुदायमा आधारित संस्था सम्झनु पर्छ ।

**ठ) "गैरसरकारी संस्था"** भन्नाले प्रचलीत कानून वमोजिम स्थापना भएका स्थानीय तहको सभाबाट आफ्नो कार्यक्रम स्वीकृत गराई स्थानीय तहसंग समन्वय राखी कार्य सञ्चालन गर्ने गैरनाफामूलक संस्था सम्झनु पर्दछ ।

**ड) "बञ्चित समुह"** भन्नाले परम्परागत रुपमा लामो समय देखि जातिय, आर्थिक,लैङ्गिक, अपाङ्गता, यौनिक तथा लैङ्गिक अल्पसंख्यक एवम् भौगोलिक कारणले गर्दा पछि परेका महिला, दलित, आदिवाशी, जनजाती, मधेसी, मुस्लिम, अपाङ्ग, जेष्ठ नागरीक एवम् दुर्गम क्षेत्रमा बसोवास गर्ने जनता सम्झनु पर्दछ ।

**ढ) "अल्पसंख्यक"** भन्नाले संघीय कानून बमोजिम निर्धारित प्रतिशत भन्दा कम जनसंख्या रहेका जातीय, भाषिक र धार्मिक समूह सम्झनु पर्छ र सो शब्दले आफ्नै जातीय, धार्मिक र भाषिक विशिष्टता भएको, त्यसलाई बचाई राख्ने आकांक्षा रहेका, विभेद र उत्पीडन भोगेका समूह समेतलाई जनाउँछ ।

**ण) ‘‘सीमान्तीकृत"** भन्नाले राजनीतिक, आर्थिक र सामाजिक रूपले पछाडि पारिएका, विभेद र उत्पीडन तथा भौगोलिक विकटताको कारणले सेवा सुविधाको उपभोग गर्न नसकेका वा त्यसबाट

वञ्चित रहेका संघीय कानून बमोजिमको मानव विकासको स्तर भन्दा न्यून स्थितिमा रहेका समुदाय सम्झनु पर्छ र सो शब्दले अतिसीमान्तीकृत र लोपोन्मुख समुदाय समेतलाई जनाउँछ ।

**त) "लैङ्गिक समता"** भन्नाले अवसर र न्यायबाट बन्चित महिला वा पुरुषलाई थप अवसर दिएर समतामूलक स्थितिको निर्माण गर्न गरिने बिशेष प्रयासलाई सम्झनु पर्छ ।

**थ) "लैङ्गिक समानता"** भन्नाले महिला र पुरुषबीच सबै क्षेत्र र तहमा समान अवसर र समान लाभ हासिल गर्ने अवस्थालाई सम्झनु पर्छ ।

**द) "लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण"** भन्नाले महिला तथा पुरुष र विभिन्न सामाजिक समूहहरु बीचको असमान शक्ति सम्वन्धहरुलाई पुनः सन्तुलित गर्न तथा हरेक प्रकारका सामाजिक पहिचान भएका व्यक्तिहरुका लागि समान अधिकार, अवसर एवं सम्मान सुनिश्चित गर्नका लागि आवश्यक कदम चाल्नुपर्ने विषयलाई सम्झनु पर्छ ।

**प) "सामाजिक समावेशीकरण"** भन्नाले अवसर तथा श्रोत साधन उपभोग गर्नबाट वञ्चित भई जोखिममा परेका र स्तरयुक्त आर्थिक, सामाजिक तथा साँस्कृतिक जीवनयापन गर्नवाट वञ्चित भई गरिबी तथा सामाजिक रुपमा वञ्चितीकरणमा परेका समूहहरुलाई निर्णय प्रकृयामा सहभागी गराई उपलब्ध अवसर, श्रोत, साधन, सेवा तथा आधारभूत अधिकार उपभोग गर्ने कुराको सुनिश्चिततालाई सम्झनु पर्छ ।

**फ) "लक्षित समूह"** भन्नाले आर्थिक रूपमा विपन्न वर्गका महिला एवम् बालबालिका तथा आर्थिक र सामाजिक रूपमा पिछडिएका वर्गहरू (सबै जातजातिका विपन्न वर्गहरू, ज्येष्ठ नागरिक, दलित, आदिवासी, जनजाति, अपाङ्गता भएका व्यक्तिहरू, मधेसी, मुश्लिम तथा पिछडावर्ग एवम् नेपाल सरकारले लक्षित समूह भनी तोकेका वर्ग एवम् समुदाय सम्झनु पर्छ ।

**ब) "खण्डीकृत तथ्याङ्क"** भन्नाले महिला तथा पुरुष जातीय अल्पसंख्यक समुह, अपाङ्गता भएका एवं एच.आई.भि.संक्रमित ब्यक्ति तथा अन्य सीमान्तकरण परेका समुहहरुको तहगत तथ्याङ्कलाई सम्झनु पर्दछ ।

# परिच्छेद २

## गाउँपालिकामा लै.स.सा.सको अवस्था

राप्ती सोनारी गाउँपालिकाले लैगिंक समानता तथा सामाजिक समावेशिकरण मूलप्रवाहिकरणका क्षेत्रमा बिभिन्न कार्यक्रमहरु संचालन गर्दै आईरहेको छ । गाउँपालिकाले उपभोक्ता समिति, वडा भेला, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण जस्ता बिभिन्न संरचना तथा कार्यक्रमहरुमा लै.स.सा.स अनिवार्य गरेको छ । गाउँपालिकामा नेपाल सरकारको नियम बमोजिम हरेक वडा तथा कार्यपालिकामा बिभिन्न बर्ग तथा लिंगका जनप्रतिनिधिहरुको प्रतिनिधित्व रहेको छ जसमा १९ जना महिला, १३ जना दलित, १९ जना जनजाती र २ जना मुस्लिम समुदायको प्रतिनिधित्व रहेको छ । गाउँपालिकाबाट ५८१ ज्ना अपाङ्गता भएका ब्यक्ति, २६०५ जेष्ठ नागरिक, १५०२ एकल महिला तथा ६६१ दलित परिवारका बालबालिकाहरुले सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका छन् । गाउँपालिकामा रहेका बिद्यालयहरुमा भर्ना भएका जम्म १६५८३ जना बालबालिका मध्ये ८३४१ जना बालिकाहरु रहेका छन् ।

गाउँपालिकाले बार्षिक नीति तथा कार्यक्रम र बार्षिक बजेट मार्फत लै.स.सा.सका लागी लक्षित समुहलाई बिशेष ध्यानमा राखि कार्यक्रमहरु तर्जुमा गर्दै आईरहेको छ । गाउँपालिकाले घरेलु हिंसा, लैंगिक हिंसा, बाल विवाह, सामाजिक बिभेद जस्ता बिभिन्न बिषयमा सचेतना मुलक सन्देश प्रशासरण, लक्षित बर्गको सिप बिकासका लागी बिभिन्न तालिम, दलित तथा जनजाती समुदायका लागी आयआर्जन सहयोग कार्यक्रम, महिला एवं अपाङ्गता भएका ब्यक्तिहरुका लागी क्षमता बिकासका बिभिन्न कार्यक्रम तथा जनप्रतिनिधिहरुका लागी कानुनी सचेतना जस्ता कार्यक्रमहरु निरन्तर संचालन गर्दै आईरहेको छ । गाउँपालिकाले लैंगिक हिंसा निवारण कोष, एकल महिला कोष जस्ता बिभिन्न कोषका माध्यबाट समेत लक्षित बर्गका क्षेत्रमा कार्य गर्दै आईरहेको छ । गाउँपालिकामा आमा समुह, बालक्लब, युवा क्लब जस्ता समुदाय स्तरका सरचनाहरु लै.स.सा.सका सवालमा क्रियाशिल भै कार्य गरिहरहेका छन् । यद्यपि समाजमा रहेका बिभिन्न हानिकारक अभ्यास, परम्परागत सोच, अशिक्षा, गरिबि जस्ता बिभिन्न कारणले लक्षित समुदायको उल्लेख्य रुपमा सभागीता, सक्रियता तथा पहुँच बृद्धि भने हुन सकेको छैन ।

।

## लक्षित समुह

यस गाउँपालिकामा लैंगिक समानता तथा सामाजिक समावेशिकरणका क्षेत्रमा महिला, लैंगिक तथा यौनिक अल्पसंख्यक, दलित, अर्थिक रुपमा बिपन्न घरपरिवार लगायत मूलप्रवाहिकरण गर्नमा कठिनाई भईरहेको छ । यस सन्दर्भमा यस रणनीतिक योजनाका लक्षित बर्ग तथा समुदाय तपशिल बमोजिम औल्याईएको छ ।

- महिला तथा बालिका

- अपाङ्गता भएका ब्यक्ति
- विपन्न दलित घरपरिवार
- लोपोन्मुख अल्पसंख्यक (बादि, कुमाल सम’दाय)
- आर्थिक रुपमा बिपन्न परिवार
- अभिभावक बिहिन बालबालिकाहरु, सबै वडामा
- लक्षित सम’दायको प्रतिनिधित्व गर्ने जनप्रतिनिधि
- जेष्ठ नागरिक
- यौनिक तथा लैगिंक अल्पसंख्यक

**सरोकारवालाहरु**

लैंगिक समानता तथा सामाजिक समावेशिकरण सबैको साझा सरोकारको बिषय हो । लैंगिक समानता तथा सामाजिक समावेशीकरण म’’ल प्रवाहिकरणका लागी नेपालको संबिधान, बिभिन्न कान’नमा गरिएका ब्यवस्था तथा नेपालले राष्ट्रिय तथा अर्न्तराष्ट्रिय जगतमा गरेका बिभिन्न प्रतिबद्धताहरु हासिल गर्नं सबैको दायित्व हो र यसका लागी सबैको साझा प्रयासको समेत आवश्यकता रहेको छ ।

यस स्थानीय तहमा लैगिंक समानता तथा सामाजिक समावेशीकरण म’’लप्रवाहिकरण रणनीतिक योजना कार्यान्वयनका लागी निम्नान’सारका सरोकारवालाहरु तथा प्रदान गर्ने सेवाको नक्साङ्कन गरिएको छ ।

| सरोकारवाला निकाय | प्रदान गर्ने सेवा, जिम्मेवारिहरु |
|---|---|
| गाउँपालिका | • लैगिंक समानता तथा सामाजिक समावेशीकरण म’’लप्रवाहिकरणका लागी आवश्यक कान’न, नीति, कार्यबिधि तथा निर्देशिकाको तज’मा र कार्यान्वयन गर्न आवश्यक स्रोतको ब्यवस्थापन गर्ने ।<br>• आवश्यक कार्यक्रमहरुको तज’मा, स्रोत ब्यवस्थापन र कार्यान्वयन गर्ने ।<br>• आवश्यक संरचनाको निर्माण गर्ने ।<br>• लैगिंक समानता तथा सामाजिक समावेशीकरणका लागी आवश्यक जनशक्तिको बिकास गर्ने ।<br>• स्थानीय स्तरमा खण्डीकृत तथ्याङ्क ब्यवस्थापन गर्ने ।<br>• अल्पसंख्यक तथा पछाडि पारिएका सम’दायको सशक्तिकरण तथा उत्थानका लागी बिशेष कार्यक्रम तथा अभियान संचालन गर्ने ।<br>• न्यायीक समिति मार्फत लैगिंक हिंसा, बाल बिवाह, जातीय बिभेद |

| | |
|---|---|
| | जस्ता बिभिन्न घटनाहरुको निदान गर्ने ।<br>● प’’र्वाधार बिकासमा लैगिंक मैत्री, अपाङ्गमैत्री संरचनाहरुको बिकास गर्ने गर्न लगाउने ।<br>● स्थानीय तहलाई लैगिंक मैत्री र समावेशी बनाउनका लागी आवश्यक कार्यहरु गर्ने । |
| वडा कार्यालयहरु | ● वडा स्तरमा लैगिंक समानता तथा सामाजिक समावेशीकरणका लागी आवश्यक कार्यक्रमको तज’मा र कार्यान्वयन ।<br>● वडामा बिभिन्न अभियानको संचालन गर्ने तथा सेवा प्रवाहमा पिछडिएको क्षेत्र, अपाङ्गता भएका ब्यक्ति, जेष्ठ नागरिक लगायतलाई प्राथमिकता दिने ।<br>● सामाजिक स’रक्षा कार्यक्रमलाई ब्यवस्थिद्द ागर्ने ।<br>● वडालाई लैगिंक मैत्री र समावेशी बनाउनका लागी आवश्यक कार्यहरु गर्ने । |
| स्वास्थ्य चौकीहरु | ● पछाडि पारिएका सम’दाय, जेष्ठ नागरिक, अपाङ्गता भएका ब्यक्ति लगायतका लागी आधारभ’’त स्वास्थ्य सेवा, बालबालिकाहरुका लागी खोप, गर्भवती तथा स’त्केरी स्याहार लगायतका कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन गर्ने ।<br>● स्वास्थ्य क्षेत्रका समस्याहरुको पहिचान र निदानका लागी आवश्यक पहल गर्ने ।<br>● किशोर किशोरी मैत्री स्वास्थ्य सेवा संचालन गर्ने ।<br>● पछाडि पारिएका सम’दायका बालबालिका, महिलाहरुको पोषण स’धारका लागी आवश्यक कार्यहरु गर्ने । |
| प्रहरि चौकी | ● सम’दाय प्रहरी साझेदारि मार्फत सम’दायमा कान’नी सचेतना फैलाउने ।<br>● सामाजिक अपराधको रोकथाम गर्ने ।<br>● बिभिन्न क’रिति, क’संस्कृति तथा हानिकारक अभ्यासहरु बिरुद्ध कार्य गर्ने । |
| आमा सम’ह, बालक्लब तथा य’वा क्लबहरु र किशोरी संजाल | ● बिभिन्न क’रिति, क’संस्कृति तथा हानिकारक अभ्यासहरु बिरुद्ध सचेतना फैलाउने ।<br>● सरकारका बिभिन्न नीति तथा कार्यक्रमहरुको कार्यान्वयनमा सहभागी ह’ने तथा सम’दाय परिचालन गर्ने ।<br>● सरकारका बिभिन्न नीति तथा कार्यक्रमहरुको प्रचार प्रसार तथा |

| | |
|---|---|
| | निगरानी गर्ने ।<br>● सामाजिक अपराधको सम्बन्धित निकायमा जानकारी गराउने ।<br>● बिभिन्न हिंसा पिडितहरुको राहत, प'र्नस्थापनाका लागी आवश्यक समन्वय गर्ने । |
| गैरसरकारी संस्था तथा बिकास साझेदारहरु | ● सम'दाय सचेतीकरणका लागी आवश्यक कार्यक्रमहरुको तज'मा गरी कार्यान्वयन गर्ने ।<br>● महिला, अपाङ्गता भएका ब्यक्ति, बालबालिका तथा पछाडि पारिएका सम'दायको क्षमता बिकास, सिप बिकास तथा सशक्तिकरणका लागी कार्यक्रमहरु संचालन गर्ने ।<br>● स्थानीय तहका मापदण्ड, निर्देशिका तथा नीतिहरुको कार्यान्वयनमा साझेदारि गर्ने ।<br>● सम'दाय परिचालनमा सहयोग गर्ने ।<br>● सामाजिक बिकासका आवश्यक प'र्वाधार बिकासमा सहकार्य गर्ने । |
| प्रदेश प्रशिक्षण प्रतिष्ठान तथा प्रदेश मन्त्रालयहरु | ● स्थानीय तहको क्षमता बिकास गर्न मद्दत गर्ने ।<br>● स्थानीय तहले लैगिंक समानता तथा सामाजिक समावेशिकरणका लागी तज'मा गरेका कार्यक्रम तथा अभियानहरुको कार्यान्वयनमा सहयोग तथा साझेदारि गर्ने ।<br>● लैगिंक समानता तथा सामाजिक समावेशिकरण म''लप्रवाहिकरणका लागी स्थानीय तहको नीति, रणनीति, संरचना लगायत निर्माण तथा कार्यान्वयन गर्न मार्गदर्शन तथा सहयोग गर्ने ।<br>● अन्य आवश्यक सहयोग गर्ने । |
| संघिय मन्त्रालय, बिभाग तथा आयोगहरु | ● लैगिंक समानता तथा सामाजिक समावेशिकरणका लागी बिभिन्न नम'ना नीति, कार्यबिधिको तज'झघ ागर्ने ।<br>● लैगिंक समानता तथा सामाजिक समावेशिकरण म''लप्रवाहिकरणका लागी राष्ट्रिय अभियानको संचालन गर्ने ।<br>● स्थानीय तहले लैगिंक समानता तथा सामाजिक समावेशिकरणका लागी तज'मा गरेका कार्यक्रम तथा अभियानहरुको कार्यान्वयनमा सहयोग तथा साझेदारि गर्ने ।<br>● अन्य आवश्यक सहयोग गर्ने । |
| नागरिक समाज | ● स्थानीय तहका नीति, रणनीति, योजनाको अध्ययन तथा पृष्ठपोषण दिने तथा कार्यान्वयनमा सहयोग गर्ने ।<br>● सामाजिक बिभेद, क'संस्कार, बिरुद्ध आवाज ब'लन्द गर्ने । |

| | |
|---|---|
| | • लैगिंक समानता तथा सामाजिक समावेशिकरणका लागी स्थानीय तहलाई सृजनात्मक सल्लाह स’भ्काव दिने ।<br>• सम’दायको सचेतिकरण र सशक्तिकरणका कार्यहरु गर्ने । |
| सञ्चार माध्यमहरु | • सम’दायमा सचेतना अभिबृद्धि गर्ने ।<br>• समाजमा भएका राम्रा कामको प्रचार प्रसार तथा समस्याहरु उजागर गर्ने ।<br>• सामाजिक बिभेद, क’संस्कार बिरुद्ध आवाज ब’लन्द गर्ने । |
| राजनीतिक दलहरु | • समुदायको सचेतना अभिबृद्धि गर्ने तथा कानुनी ब्यवस्थाको प्रचार प्रसार गर्ने ।<br>• लक्षित समुदायका लागी नीतिगत पैरवी गर्ने ।<br>• लक्षित समुदायका सवालहरुको उठान गर्ने ।<br>• राजनीतिक अवसरहरुमा लक्षित समुदायलाई प्राथमिकता दिन |

**स्थानीय तहको सबल पक्ष, सुधार गर्नेपर्ने पक्ष, अवसर तथा चुनौतीहरु**

| सबल पक्ष | सुधार गर्नुपर्ने पक्ष | अवसरहरु | चुनौतीहरु |
|---|---|---|---|
| ☺ गाउँपालिकाबाट लैंगिक समानता तथा सामाजिक समावेशिकरण शिर्षकमा बजेट बिनियोजन हुने गरेको ।<br>☺ छात्रा प्रोत्साहन कार्यक्रम संचालनमा रहेको ।<br>☺ गाउँपालिकाका वडा नं. ३,६ र ७ बाल विवाह मुक्त वडा घोषणा भएको ।<br>☺ अपाङ्गता भएका व्यक्तिहरुलाई सहायक समाग्री वितरण गरिएको ।<br>☺ नियमित रुपमा अपाङ्गता परिचय पत्र वितरण गर्ने गरिएको तथा बेला बेलामा घुम्ति शिविरको संचालन ।<br>☺ अपाङ्गता भएका व्यक्तिहरुलाई राजश्वमा सहुलियतको व्यवस्था<br>☺ अल्पसंख्यक तथा बिपन्न समुदायको बिभिन्न कृयाकलापमा पहुँच<br>☺ लैंगिक हिंसा निवारण कोष स्थापना<br>☺ एकल महिला कोषको स्थापना | ☹ लैंगिक समानता तथा सामाजिक समावेशिकरणका क्षेत्रमा बिशेष नीतिको तर्जुमा गरि प्रभावकारी कार्यान्वयन गर्ने ।<br>☹ पछाडि पारिएका समुदायका लागी पहिचान सहितको बिशेष कार्यक्रमहरुको ब्यवस्था गर्ने ।<br>☹ कार्यालयमा समेत लैंगिक समानता तथा सामाजिक समावेशिकरण मैत्री बनाउने । तथा सुरक्षित कार्य वातावरण निर्माण गर्नका लागी आवश्यक कार्यहरु गर्ने ।<br>☹ लक्षित समुदायको क्षमताहरुलाई उजागर गर्नेगरि बिशेष कार्यक्रमहरुको प्रबन्ध गर्ने ।<br>☹ लक्षित समुदायलाई सेवा प्रवाहमा प्राथमिकता दिने नीतिको अवलम्बन गर्ने<br>☹ गाउँपालिकाको खण्डिकृत तथ्याङ्क सहितको वस्तुस्थिति विवरण तयार गर्नुपर्ने<br>☹ लै.स.सा.सको क्षेत्रमा नेतृत्व वर्ग थप संबेदनशिल हुनुपर्ने ।<br>☹ लै.स.सा.सका क्षेत्रमा पर्याप्त बजेट बिनियोजन गरिनुपर्ने ।<br>☹ लक्षित बर्ग तथा समुदायको क्षमता बिकास तथा सशक्तिकरण सम्बन्धि | ☺ भौगोलिक सुगमता<br>☺ बिभिन्न संघ संस्थाहरु सक्रिय रुपमा कार्यरत रहेको<br>☺ स्थानीय तहमा न्यायीक समिति रहेको ।<br>☺ नीतिमा लक्षित बर्गका कार्यक्रमहरु समेटिएको ।<br>☺ लैंगिक समानता तथा सामाजिक समावेशिकरणलाई राष्ट्रिय तथा अर्न्तराष्ट्रि कानुन, घोषणा, प्रतिबद्धता, नीति तथा योजनामा समावेश गरिएको ।<br>☺ राजनीतिक रुपमा लक्षित बर्गको प्रतिनिधित्वको कानुनी ब्यवस्था रहेको ।<br>☺ सहकार्य र समन्वयका लागी बिभिन्न निकायहरु रहेको ।<br>☺ नेपालको संबिधान, बिभिन्न नीति,प्रतिबद्धता, कानुनहरुमा लै.स.सा.सलाई समेटीएको ।<br>☺ बिभिन्न संबैधानिक आयोगहरु गठन भै कार्य गरिरहेको ।<br>☺ स्थानीय तहले आफैं आवश्यक कानून, नीति तथा | ☹ समुदायमा लै.स.सा.स सम्बन्धि सकारात्मक धारणाको अभाव<br>☹ समाजमा अझैपनि बिभिन्न परम्परागत हानिकारक अभ्यासहरु बिद्यमान रहेको ।<br>☹ बिभिन्न हिंसामा रहेका ब्यक्तिहरु कानुनि अन्यौलताका कारण न्याय नपाउनु । |

| | | | |
|---|---|---|---|
| | कार्यक्रमहरुलाई थप प्राथमिकतामा राखि प्रभावकारी रुपमा संचालन गर्नुपर्ने ।<br>☹ लक्षित बर्गको आर्थिक सशक्तिकरण तथा सिप बिकासका कार्यक्रमहरु पर्याप्त रुपमा संचालन गर्नुपर्ने ।<br>☹ बिभिन्न संरचनाहरुमा लक्षित समुदायको सक्रिय सहभागीता बढाउनु पर्ने ।<br>☹ लै.स.सा.सका लागी दिर्घकालिन नीति अवलम्बन गर्नुपर्ने ।<br>☹ लै.स.सा.सका क्षेत्रमा कार्य गर्ने मानव स्रोत बढाउनु पर्ने ।<br>☹ बाल बिवाह मुक्त घोषणा पश्चात निरन्तरताका लागी आवश्यक कार्यहरु गर्नुपर्ने ।<br>☹ बालिका तथा किशोरी लक्षित कार्यक्रमहरु जस्तैं ( बिमा, शिक्षामा प्रोत्साहन) अदि संचालन गर्ने ।<br>☹ अभिभावक बिहिन बालबालिकाहरुका संरक्षकलाई जिविकोपार्जन तथा आयआर्जन सहयोग । | कार्यविधिहरुको तर्जुमा र कार्यान्वयन गर्न सक्ने । | |

## मुख्य सवाल, समस्या तथा कारणहरु

| प्रा.क. | मुख्य सवालहरु तथा समस्याहरु | कारणहरु | कैफियत |
|---|---|---|---|
| १ | लै.स.सा.सको क्षेत्रमा बुझाई तथा सचेतना अभाव | गरिब तथा बिपन्न परिवार, महिला, जेष्ठ नागरीक शिक्षाको पहुँचबाट टाढा रहनु | |
| २ | लैगिंक तथा जातिय बिभेद( शिक्षा, स्वास्थ्य, सहभागीता, निर्णय प्रकृया, सेवा तथा अवसरको उपयोग) | परम्परागत सोचको निरन्तरता, कानुनी सचेतनाको अभाव | |
| ३ | लक्षित समुदाय अवसर तथा अधिकार प्रति अनबिज्ञ रहनु तथा प्राथमिकतामा नपर्नु । | | |
| ४ | लैंगिक संबेदनशिल नीतिको अभाव | बाध्यकारी ब्यवस्था नहुनु<br>नीति निर्माण तहमा लै.स.सा.स प्राथमिकतामा नपर्नु | |
| ५ | लक्षित समुदायमैत्री पूर्वाधार अभाव | पुराना पुर्वाधारहरु महिला, अपाङ्गमैत्री निर्माण नभएका | |
| ६ | लक्षित समुदाय तथा वर्गको आर्थीक तथा सामाजिक कृयाकलापमा न्यून सहभागीता तथा सिपको कमी | सिप तथा क्षमताको अभाव, परम्परागत सोच | |
| ७ | बाल विवाह तथा दाईजो प्रथा | परम्परागत सोच, अशिक्षा, गरिबि | |
| ८ | हानिकार परम्परागत अभ्यासहरुको निरन्तरता | परम्परागत सोच, अशिक्षा, गरिबि | |

## रणनीतिका लक्षित कार्यक्षेत्रहरु

### ❖ क्षमता बिकास तथा सशक्तिकरण

यस स्थानीय तहमा रहेका लक्षित समुदायको क्षमता, सिप बिकास मार्फत आर्थिक तथा सामाजिक रुपमा सशक्तिकरण गरी बिभिन्न सामुदायिक कृयाकलाप तथा संरचनाहरुमा सक्रियता पुर्वक सहभागी हुने वातावरणको सृजना ।

### ❖ सचेतना अभिबृद्धि

सामाजिक सचेतना अभिबृद्धिको माध्यमबाट समाजमा रहेको बिभिन्न हानिकारक अभ्यास, प्रथा, परम्पराको बिस्थापन गरि सकारात्मक र सम्मानजन ब्यवहारको निर्माण ।

### ❖ संयन्त्र, संरचना तथा नीतिगत आधार निर्माण

लैगिंक समानता तथा सामाजिक समावेशिकरण मूल प्रवाहिकरण लाई ब्यवस्थित र प्रभावकारी बनाउनका लागी आवश्यक संयन्त्र, संरचना, पद्दती तथा विधिको निर्माण ।

❖ **सेवा प्रवाह**

लक्षित समुदायका लागी सरल, सहज र प्रभावकारी सेवा प्रवाहको व्यवस्थापन ।

❖ **सहभागीताको सुनिश्चितता**

लक्षित समुदाय संग सम्बन्धित बिषयका बिभिन्न संरचना, समिति तथा कार्यक्रमहरु तथा अन्य सामाजिक जीवनमा लक्षित समुदायको अर्थपुर्ण सहभागीता सुनिश्चित गर्ने ।

❖ **आधारभूत आवश्यकता परिपूर्ति**

बिभिन्न आधारभूत आवश्यकता परिपूर्तिबाट बन्चित समुदायका लागी बिशेष व्यवस्था ।

## रणनीतिक योजनाको समयावधि

यस लैगिंक समानता तथा सामाजिक समावेशिकरण रणनीतिको अवधि ५ बर्ष( आ.व. ०७८।०७९ देखि ०८२।०८३ सम्म)को रहने छ ।

# परिच्छेद ३

## रणनीतिक योजनाको परिकल्पना

समावेशि तथा समतायुक्त राप्ती सोनारी

## ध्येय

लक्षित बर्गको सहभागीता,सशक्तिकरण तथा क्षमता बिकास गर्दै लैंगिक समानता तथा सामाजिक समावेशिकरणको अवस्था सृजना गर्ने ।

## लक्ष्य

समुदायमा लैंगिक समानता तथा सामाजिक समावेशिकरणका क्षेत्रमा सचेतना अभिबृद्धि, लक्षित बर्गको क्षमता बिकास तथा सशक्तिकरण गरि आर्थिक, समाजिक तथा राजनीतक क्षेत्रका अवसर तथा लाभमा पहुँच तथा उपयोगको सुनिश्चितता हुने छ ।

## उद्देश्यहरु

- आर्थिक तथा सामाजिक रुपले पछाडि पारिएका समुदायको सशक्तिकरण गर्ने ।
- आर्थीक, समाजिक तथा राजनीतिक क्षेत्रमा लक्षित समुदायको सक्रिय तथा अर्थपुर्ण सहभागीता अभिबृद्धि गर्ने ।
- गाउँपालिकाका सेवा तथा अवसरहरुमा लक्षित समुदायको पहुँच अभिबृद्धि गर्ने ।
- लैगिंक समानता तथा सामाजिक समावेशिकरणका लागी आवश्यक संम्यन्त्र, बिधि तथा पद्दतीको बिकास गर्ने ।
- लैंगिक समानता तथा सामाजिक समावेशिकरणका बिषयमा लक्षित समुदाय तथा सम्बन्धित सबै सरोकारवालाहरुको क्षमता बिकास गर्ने ।
- सबै प्रकारका लैंगिक हिंसा, भेदभाव तथा शोषणको अन्त्य गर्ने र
- आर्थिक, समाजिक तथा राजनीतिक क्षेत्रमा महिला तथा लक्षित बर्गको नेतृत्वदायि भुमिकाको बिकास गर्ने ।

## रणनीतिक योजनाको आवश्यकता

लैगिंक समानता तथा सामाजिक समावेशिकरणका क्षेत्रमा देखिएका बिभिन्न समस्याहरुको समाधान तथा चुतौतीको सामना गर्न तथा नेपालको संबिधानले प्रदान गरेको अधिकार तथा जिम्मेवारीहरुको कार्यान्वयन, नागरिकको आधारभूत तथा मौलिकहरुको प्रत्याभूति गराउन, लैगिंक समानता तथा सामाजिक समावेशिकरणका लागी राज्यले अर्न्तराष्ट्रिय र राष्ट्रिय स्तरमा ब्यक्त गरेका प्रतिबद्धता तथा यस सम्बन्धि निर्मित कानुन तथा नीतिहरुको ब्यवस्थित कार्यन्वयनका लागी लैगिंक समानता तथा

सामाजिक समावेशिकरणका क्षेत्रमा एकतृत र ब्यवस्थित प्रयास गर्नका लागी यस रणनीतिक योजनाको आवश्यकता रहेको छ ।

## रणनीतिक योजनाका मूल्य मान्यता तथा सिद्धान्तहरु

- **आधारभूत मानव अधिकार**

  यस रणनीतिक योजनाले पहिचान, सम्मान, सहभागीता, अवसर र स्रोतमा पहुँच जस्ता बिभिन्न आधारभूत मानव अधिकारको प्रत्याभूतिका लागी कार्य गर्ने छ ।

- **समता र समानता**

  योजनाको कार्यान्वयनका क्रममा समान अवस्थामा रहेका ब्यक्ति तथा समुदायका लागी समान व्यवहार र फरक अवस्थामा रहेकाहरुका लागी फरक ब्यवहार गरि समताको माध्यमबाट समानता हासिल गरिने छ ।

- **सामाजिक न्याय**

  समाजमा रहेका सबै बर्गको अवसरमा समान पहुँचको सुनिश्चिततताका लागी सामाजिक न्यायको सिद्धन्तका आधारमा कार्य गरिने छ ।

- **अबिभेद**

  स्थानीय तहबाट प्रदान गरिने कुनैपनि सेवा, अवसरमा कुनै पनि समुदाय, बर्ग तथा ब्यक्तिहरुलाई कुनै प्रकारको बिभेद गरिने छैन ।

- **सकारात्मक बिभेद**

  समाजमा रहेका बिपन्न, असाहाय तथा अन्य लक्षित बर्गलाई मूल प्रवाहिकरणमा ल्याउनका लागी बिशेष ब्यवस्था गरिने छ ।

- **समन्वय, सहकार्य र साझेदारी**

  योजनाको कार्यान्वयनका लागी बिभिन्न तहका सरकार, गैरसरकारी संस्था, बिकास साझेदार, स्थानीय समुदाय तथा अन्य सरोकारवालाहरु संगको समन्वय, सहकार्य तथा साझेदारिमा कार्य गरिने छ ।

- **समयअनुकुलता**

  यो रणनीतिक योजना गतिशिल दस्ताबेज हो । यस दस्ताबेजको पुनरावलोकन र समायानुकुल परिमार्जन गर्दै कार्यान्वयन गरिने छ ।

## रणनीतिहरु

१. स्थानीय स्तरका बिभिन्न संरचनाहरु( आमा समुह, बाल क्लब, युवा क्लब) को सक्रियता अभिबृद्धि गरि सामुदायमा लै.स.सा.सको सचेतना फैलाउने ।

२. आर्थिक तथा सामाजिक रुपमा बिपन्न समुदाय तथा अन्य लक्षित बर्गको सशक्तिकरण, सिप बिकास तथा क्षमता अभिबृद्धि गर्न कार्ययोजना बनाई कार्यान्वयन गर्ने ।

३. लक्षित वर्ग तथा समुदायका लागी बिशेष नीति तथा कार्यक्रमको माध्यमबाट स्थानीय तहका सेवा तथा अवसरमा पहुँच बढाउँदै योजना तर्जुमा प्रकृयामा सहभागीता प्रर्बद्धन गर्ने तथा लक्षित बर्गका लागी निश्चित प्रतिशत स्रोत तथा सहभागीताको सुनिश्चितता गर्ने ।

४. लैगिंक समानता तथा सामाजिक समावेशिकरणका लागी पालिका तथा वडा तहमा आवश्यक संरचनाको निर्माण तथा व्यवस्थापन गर्ने ।

५. लैंगिक समानता तथा सामाजिक समावेशिकरण मूलप्रवाहिकरणका लागी बिभिन्न सरोकारवालाहरु संग सहकार्य र साझेदारिमा कार्य गर्ने ।

६.सामाजिक न्याय तथा समावेशिकरणका क्षेत्रमा आवश्यक नीति तथा कानुनको तर्जुमा गर्ने ।

**रणनीतिक योजना कार्यान्वयन कार्ययोजना**

| रणनीतिक उद्देश्य | प्रमुख क्रियाकलाप | समायावधि(बर्ष) | | | | | लक्षित समुह | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|
| | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाचौं | | |
| १. स्थानीय स्तरका बिभिन्न संरचनाहरु( आमा समुह, बाल क्लब, युवा क्लब) को सक्रियता अभिबृद्धि गरि सामुदायमा लै.स.सा.सको सचेतना फैलाउने । | आमा समुह, बालक्लब, किशोरी समुह जस्ता संरचनाहरुको गठन | ✓ | ✓ | | | | समुदायका महिला, बालबालिका तथा युवा | महिला तथा बालबालिका शाखा, शिक्षा, युवा तथा खेलकुद बिकास शाखा |
| | आमा समुह, बालक्लब, किशोरी समुहहरुको क्षमता बिकास कार्यक्रम | | | ✓ | ✓ | | समुदायका महिला | महिला तथा बालबालिका शाखा |
| | आमा समुह, बालक्लब, किशोरी समुहहरु मार्फत सचेतना मुलक कार्यक्रम संचालन | | | ✓ | ✓ | ✓ | समुदायका महिला | महिला तथा बालबालिका शाखा, गैरसरकारी संस्था |
| | स्थानीय स्तरमा रहेका बिभिन्न संरचनाहरुका पदाधिकारीहरुको क्षमता बिकास तालिम संचालन | | ✓ | ✓ | ✓ | | समुदायका बिभिन्न संरचना तथा समितिका पदाधिकारीहरु | महिला तथा बालबालिका शाखा, अन्य सबै शाखा, गैरसरकारी संस्था |
| | समुदायमा रहेका जातीय, लैगिंक तथा अन्य बिभेदका बिरुद्ध सचेतना मुलक कार्यक्रम तथा अभियान संचालन गर्ने । | | ✓ | ✓ | ✓ | | गरिब तथा बिपन्न परीवार,दलित परिवार, एकल महिला तथा अपाङ्गता भएका ब्यक्तिहरु | वडा कार्यालय, गैरसरकारी संस्था, महिला तथा बालबालिका शाखा तथा अन्य सरोकारवालहरु |
| २. आर्थिक तथा सामाजिक रुपमा बिपन्न समुदाय तथा अन्य | लक्षित समुदायको सशक्तिकरणका तथा क्षमता बिकासका लागी | | ✓ | ✓ | | | दलित,जनजाती, महिला, बिपन्न परिवार, बालबालिका, अपाङ्गता | सामाजिक बिकास समिति, वडा कार्यालयहरु, महिला |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| लक्षित बर्गको सशक्तिकरण, सिप बिकास तथा क्षमता अभिबृद्धि गर्ने । | आवश्यक तालिम, अभिमुखिकरण संचालन गर्ने | | | | | | भएका ब्यक्ति | तथा बालबालिका शाखा |
| | लक्षित समुदायका वडा तथा पालिका तहका सञ्जाल गठन तथा संचालन | | | ✓ | | | दलित,जनजाती, महिला, बिपन्न परिवार, बालबालिका, अपाङ्गता भएका ब्यक्ति | सामाजिक बिकास समिति, वडा कार्यालयहरु, महिला तथा बालबालिका शाखा |
| | गरिब तथा बिपन्न घरपरीवार पहिचान | | ✓ | ✓ | | | गरिब तथा बिपन्न घरपरीवार | वडा कार्यालय तथा रोजगार प्रर्बद्धन शाखा |
| | गरिब तथा बिपन्न परीवार, एकल महिला तथा अपाङ्गता भएका ब्यक्तिहरुका लागी सिप मूलक तालिम संचालन | | | ✓ | ✓ | ✓ | गरिब तथा बिपन्न परीवार, एकल महिला तथा अपाङ्गता भएका ब्यक्तिहरु | महिला तथा बालबालिका शाखा, रोजगार प्रर्बद्धन शाखा, लघुउद्यम बिकास शाखा |
| | तालिम पश्चात ब्यवसाय संचालन तथा आय आर्जन सहयोग गरि ब्यवसाय स्थापनामा सहजिकरण | | | ✓ | ✓ | ✓ | गरिब तथा बिपन्न परीवार, एकल महिला तथा अपाङ्गता भएका ब्यक्तिहरु | रोजगार प्रर्बद्धन शाखा, लघुउद्यम बिकास शाखा |
| ३. लक्षित वर्ग तथा समुदायका लागी बिशेष नीति तथा कार्यक्रमको माध्यमबाट स्थानीय तहका सेवा तथा अवसरमा पहुँच बढाउँदै योजना तर्जुमा प्रकृयामा सहभागीता प्रर्बद्धन गर्ने । | निर्माण भएका नीतिहरुको लै.स.सा.सका दृष्टिले पुनरावलोकन गरि लक्षित समुदायको सहभागीता, सेवा तथा अवसरमा पहुँच सुनिश्चितता हुनेगरि आवश्यक संशोधन गर्ने | | ✓ | ✓ | ✓ | | गरिब तथा बिपन्न परीवार, एकल महिला तथा अपाङ्गता भएका ब्यक्तिहरु | महिला तथा बालबालिका शाखा |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | आवश्यक मापदण्ड, निर्देशिकाको तर्जुमा गर्ने | | ✓ | ✓ | ✓ | | गरिब तथा बिपन्न परीवार, एकल महिला तथा अपाङ्गता भएका ब्यक्तिहरु | कार्यपालिका |
| | बिभिन्न घुम्ति शिविर संचालन | | ✓ | ✓ | ✓ | ✓ | गरिब तथा बिपन्न परीवार, एकल महिला तथा अपाङ्गता भएका ब्यक्तिहरु | सम्पुर्ण शाखा तथा वडा कार्यालयहरु |
| | सेवा लिनका लागी लक्षित बर्गलाई प्रोत्साहन गर्ने परिपाटिको बिकास गर्ने | ✓ | ✓ | ✓ | ✓ | ✓ | गरिब तथा बिपन्न परीवार, एकल महिला तथा अपाङ्गता भएका ब्यक्तिहरु | सम्पुर्ण शाखा तथा वडा कार्यालयहरु |
| | स्थानीय तहको योजना तर्जुमा प्रकृया सम्बन्धि अभिमुखिकरण कार्यक्रम | | ✓ | ✓ | | | गरिब तथा बिपन्न परीवार, एकल महिला तथा अपाङ्गता भएका ब्यक्तिहरु | वडा कार्यालय |
| | लक्षित समुदायको आवश्कताका आधारमा बिभिन्न बिषेश कार्यक्रम तथा अभियानको संचालन | | ✓ | ✓ | ✓ | | गरिब तथा बिपन्न परीवार, एकल महिला तथा अपाङ्गता भएका ब्यक्तिहरु | वडा कार्यालय, सबै सरोकारवालाहरु |
| ४. लैगिंक समानता तथा सामाजिक समावेशिकरणका लागी पालिका तथा वडा तहमा आवश्यक संरचनाको निर्माण तथा ब्यवस्थापन गर्ने । | सम्पर्क शाखा तथा सम्पर्क ब्यक्ति तोक्ने | ✓ | | | | | | कार्यपालिका |
| | पालिका स्तरको लै.स.सा.स कार्यान्वयन समिति गठन | ✓ | | | | | गरिब तथा बिपन्न परीवार, एकल महिला तथा अपाङ्गता भएका ब्यक्तिहरु | कार्यपालिका |
| | वडा तहको लै.स.सा.स | ✓ | | | | | गरिब तथा बिपन्न | महिला तथा |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | समिति गठन | | | | | | परीवार, एकल महिला तथा अपाङ्गता भएका व्यक्तिहरु | बालबालिका शाखा, वडा कार्यालय |
| | समितिहरुको क्षमता बिकासका लागी तालिम तथा अभिमुखिकरण संचालन | | ✓ | ✓ | | | समितिका पदाधिकारीहरु | महिला तथा बालबालिका शाखा |
| | सुरक्षित तथा लैंगिकमैत्री कार्यवातावरण निर्माणका लागी आवश्यक आचारसंहिता निर्माण गर्ने | | | ✓ | | | कर्मचारी तथा पदाधिकारीहरु | कार्यपालिका |
| ५. लैंगिक समानता तथा सामाजिक समावेशिकरण मूलप्रवाहिकरणका लागी बिभिन्न सरोकारवालाहरु संग सहकार्य र साझेदारिमा कार्य गर्ने । | लैंगिक समानता तथा सामाजिक समावेशिकरणका क्षेत्रमा कार्य गर्ने संघ संस्था तथा निकायहरुको सुचिकरण तथा नक्साङ्कन गर्ने | | ✓ | | | | सम्बन्धित सरोकारवालाहरु | महिला तथा बालबालिका शाखा |
| | लैंगिक समानता तथा सामाजिक समावेशिकरणका क्षेत्रमा कार्यरत संघ संस्थाहरुको सञ्जाल तथा संरचना निर्माण गर्ने | | ✓ | | | | | महिला तथा बालबालिका शाखा |
| | स्थानीय तहका कर्मचारी, पदाधिकारी तथा अन्य | | ✓ | ✓ | ✓ | | कर्मचारी तथा लक्षित समुदायबाट निर्वाचित पदाधिकारीहरु | मानव संसाधन बिकास शाखा |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | सरोकारवालहरुको क्षमता बिकासका लागी आवश्यक तालिम, अभिमुखिकरण कार्यक्रम संचालन गर्ने | | | | | | | |
| | सम्पर्क शाखाबाट सम्पर्क समन्वय गर्ने । | ✓ | ✓ | ✓ | ✓ | ✓ | | महिला तथा बालबालिका शाखा |
| | साझा कार्यक्रम तथा योजना निर्माण गरि कार्यान्वयन गर्ने परिपाटिको बिकास गर्ने | | ✓ | ✓ | ✓ | ✓ | | महिला तथा बालबालिका शाखा |
| ६.सामाजिक न्याय तथा समावेशिकरणका क्षेत्रमा आवश्यक नीति तथा कानुनको तर्जुमा गर्ने । | गाउँपालिकामा लक्षित समुदायको अवस्था झल्किने गरि खण्डिकृत तथ्याङ्को संकलन, ब्यवस्थापन तथा अद्यावधिक गर्ने | ✓ | ✓ | ✓ | ✓ | ✓ | लक्षित बर्ग | सुचना प्रबिधि शाखा |
| | तथ्याङ्कका आधारमा आवश्यक नीति तथा कानुनको तर्जुमा गरि कार्यान्वयन गर्ने । | | ✓ | ✓ | ✓ | ✓ | लक्षित बर्ग | सबै शाखा तथा योजना शाखा |
| | लक्षित बर्गको सेवामा पहुँच, अवसर बृद्धि तथा सहभागीता पर्वद्धन हुनेगरि कार्यक्रमको तर्जुमा गर्ने । | | ✓ | ✓ | ✓ | ✓ | लक्षित बर्ग | योजना शाखा, कार्यपालिका |

# परिच्छेद ४

**<u>रणनीतिको कार्यान्वयनका लागी आवश्यक संरचना</u>**

यस रणनीतिक योजनाको कार्यन्वयन स्थानीय तहको स्थाई संस्थागत संरचना तथा शाखाहरुबाट हुने छ । योजनाको कार्यन्वयनका लागी स्थानीय तहको महिला तथा बालबालिका शाखा सम्पर्क शाखा र सो शाखाको प्रमुख सम्पर्क व्यक्तिको रुपमा रहि कार्य गर्ने छ । यस योजनाको कार्यान्वयनमा सहजिकरण, समन्वय तथा मार्ग निर्देशन लैगिंक समानता तथा सामाजिक समावेशिकरण समितिले गर्ने छ । जसमा देहायका पदाधिकारीहरु रहने छन् ।

१. गाउँपालिका अध्यक्ष संयोजक

२. उपाध्यक्ष सदस्य

३. प्रमुख शासकीय अधिकृत सदस्य

४. कार्यपालिका सदस्य मध्येबाट कम्तिमा १ जना महिला सहित ३ जना सदस्य

५. लक्षित बर्गको क्षेत्रमा कार्य गर्ने ब्यक्ति वा संस्था मध्येबाट कार्यपालिकाले मनोनित गरेका

कम्तिमा १ जना महिला सहित २ जना सदस्य

६. गाउँपालिकाको महिला तथा बालबालिका शाखा प्रमुख सदस्य सचिव

**<u>समितिको काम कर्तव्य र अधिकार</u>**

१) स्थानीय तह भित्रका महिला, बालबालिका, युवा, जेष्ठ नागरिक, अपाङ्गता, आदिवासी जनजाति, मधेशी, मुस्लिम, अल्पसंख्यक तथा अन्य आर्थिक, भौगोलिक, सामाजिक तथा सांस्कृतिक दृष्टिले पिछडिएको समुदायको नियमित रुपमा खण्डीकृत तथ्याङ्क संकलन, बिश्लेषण तथा अद्यावधिक गर्ने प्रबन्ध मिलाउने ।

२) लैंगिक आर्थिक, भौगोलिक, सामाजिक तथा सांस्कृतिक दृष्टिले पिछडिएको समुदायको समग्र स्थितिको अध्ययन गरी सो सम्बन्धमा गर्नुपर्ने नीतिगत, कानूनी र संस्थागत सुधारका विषयमा कार्यपालिका तथा सभा समक्ष सिफारिस गर्ने ।

३) संघ तथा प्रदेश सरकार बाट निर्माण भएका रणनीति, योजना तथा कार्यक्रम कार्यान्वयन गर्न सहयोग गर्ने, गराउने ।

४) लैंगिक, आर्थिक, भौगोलिक, समाजिक, तथा संस्कृतिक दृष्टिले पिछडिएको समुदायको हक हितको संरक्षण र सम्बर्द्धन तथा त्यस्तो समुदायको सशक्तीकरणका लागि स्थानीय नीति तथा कार्यक्रमको तर्जुमा गरी कार्यान्वयनका लागि कार्यपालिका तथा सभा समक्ष सिफारिस गर्ने ।

५) यस रणनीतिसँग सम्वन्धित कार्यक्रम तथा योजना कार्यान्वयनमा सहयोग गर्ने तथा आवश्यक सुझाव दिने र कार्यक्रम कार्यान्वयनको समीक्षा, अनुगमन तथा मूल्यांकन गर्ने ।

६) नियमित रुपमा लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण गर्ने ।

७) रणनीतिको ब्यवहारिक र प्रभावकारी कार्यान्वयनका लागी सम्पूर्ण शाखा तथा संम्यन्त्रको प्रभावकारी भूमिकाको सुनिश्चित गर्ने ।

८) रणनीतिक योजनाको कार्यान्वयनका लागी आवश्यक स्रोत ब्यवस्थापनका लागी कार्यपालिका र सभा समक्ष सिफारीस गर्ने ।

९) लैगिंक समानता तथा सामाजिक समावेशिकरणका क्षेत्रमा देखिएका समस्याहरुको बिश्लेषण र समाधानका उपाएहरुको खोजि गर्ने ।

१०) रणीतिक योजनाको कार्यान्वयनका लागी बिभिन्न तह, निकाय तथा सरोकारवालाहरु संग समन्वय तथा सहकार्य गर्ने ।

११) रणनीतिक योजनाको बेला बेलामा समिक्षा तथा परीमार्जन गर्ने ।

१२) नियमित बैठक संचालन तथा अन्य आवश्यक कार्यहरु गर्ने ।

**वडास्तरीय समिति :**

स्थानीय तहको प्रत्येक वडामा यस रणनीतिसँग सम्वन्धित कार्यक्रम तथा योजना कार्यन्वयनमा सहयोग गर्न एक वडा स्तरीय समिति गठन गरिनेछ । जसमा देहाय बमोजिका पदाधिकारीहरु रहने छन :

१. सम्वन्धित वडाको वडा अध्यक्ष : संयोजक

२. सम्वन्धित वडाका वडा सदस्यहरु : सदस्य

३. सम्वन्धित वडा समितिले लक्षित वर्गको क्षेत्रमा कार्य गर्ने व्यक्ति वा संस्थावाट मनोनित गरेका वढीमा २ (एक जना महिला सहित ) जना सदस्यहरु : सदस्य

४. सम्वन्धित वडाको वडा सचिव : सदस्य सचिव

## वडा स्तरीय समितिको काम कर्तब्य अधिकार

१. वडा भित्रको महिला, बालबालिका, युवा, जेष्ठ नागरिक, अपांङ्गता, आदिवासी जनजाति, मधेशी, मुस्लिम, अल्पसंख्यक तथा अन्य आर्थिक, भौगोलिक, सामाजिक तथा सांस्कृतिक दृष्टिले पिछडिएको समुदाय खण्डीकृत तथ्याङ्क संकलन तथा अद्यावधिक गर्ने ।

२. वडाभित्र योजना छनौट पकृयामा महिला, बालबालिका, युवा, जेष्ठ नागरिक, अपांङ्गता, आदिवासी जनजाति, मधेशी, मुस्लिम, अल्पसंख्यक समुदायको सहभागिता अनिवार्य गर्ने ।

३. वडा भित्रको महिला, बालबालिका, युवा, जेष्ठ नागरिक, अपांङ्गता, आदिवासी जनजाति, मधेशी, मुस्लिम, अल्पसंख्यक तथा अन्य आर्थिक, भौगोलिक, सामाजिक तथा सांस्कृतिक दृष्टिले पिछडिएको समुदायको हक हितको संरक्षण र सम्बर्द्धन तथा त्यस्तो समुदायको सशक्तीकरणकाको लागि कार्यक्रम वनाई गाउँपालिकामा पेश गर्ने ।

४. यस रणनीतिसँग सम्वन्धित कार्यकम तथा योजना कार्यन्वयनमा सहयोग गर्न क्षमता अभिबृद्धिको क्षेत्र पत्ता लगाउने र उनीहरुको कार्यक्रमलाई लैससास मैत्री बनाउन सहजीकरण गर्ने ।

५. नियमित बैठक संचालन तथा रणनीतिक योजनाको प्रभावकारी कार्यान्वयनका लागी आवश्यक अन्य कार्यहरु गर्ने ।

## रणनीतिक योजना कार्यान्वयनका लागी स्रोत परिचालन

यस रणनीतिक योजनाको कार्यान्वयनका लागी आवश्यक आर्थिक, मानवीय, भौतिक स्रोतको ब्यवस्थापन तथा परिचालन तथा पर्यावरणीय अनुकुलन तयार पार्नु स्थानीय तहको दायित्व हुने छ । रणनीतिक योजनाका कृयाकलाप तथा कार्यक्रमहरुको कार्यान्वयनका लागी यस स्थानीय तहमा कार्यरत बिभिन्न संघ संस्था संग समेत साझेदारि गरि स्रोतको परिचालन गरिने छ । योजनाको कार्यान्वयनका लागी अपुग स्रोतको ब्यवस्थापनका लागी प्रदेश तथा संघिय तहमा समन्वय गरिने छ । योजना कार्यान्वयनका लागी आवश्यक मानविय स्रोतको ब्यवस्थापनका लागी बिभिन्न संघ संस्था तथा निकाय संग साझेदारि गरिने छ ।

## रणीतिक योजना कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन

यस रणनितिक योजनाको कार्यान्वयनको स्थानीय तहद्धारा अनुगमन तथा मूल्याङ्कन गरिने छ । गाउँपालिकाको लै.स.सा.स. समिति, कार्यपालिका, वडा समिति लगायत अन्य बिभिन्न निकाय बाट योजना कार्यान्वयनको समय समयमा अनुगमन गरिने छ । योजना कार्यान्वयनको २ बर्ष पुरा भै सके पश्चात समिक्षा तथा मध्यवर्ती मूल्याङ्कन गरि योजना कार्यान्वयनको अवस्था पत्ता लगाई आवश्यक

पुनरावलोकन समेत गरिने छ । रणनीतिक योजनाको अनुगमन तथा मूल्याङ्कन योजना तपशिल बमोजिम रहेको छ ।

| अनुगमन मूल्याङ्कन | अनुगमन मूल्याङ्कन गर्ने निकाय | अवधि,समय(बर्ष) | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | पहिलो | दोसो | तेस्रो | चौथो | पाचौं | |
| नियमित अनुगमन | गाउँपालिकाका सम्बन्धित शाखा, वडा कार्यालय | ✓ | ✓ | ✓ | ✓ | ✓ | |
| अर्धबार्षिक | लै.स.सा.स समिति,कार्यपालिका | ✓ | ✓ | ✓ | ✓ | ✓ | |
| बार्षिक समिक्षा | लै.स.सा.स समिति,कार्यपालिका | ✓ | ✓ | ✓ | ✓ | ✓ | |
| मध्यवर्ती मूल्याङ्कन तथा समिक्षा | लै.स.सा.स समिति,कार्यपालिका | | | ✓ | | | |
| विविध | अन्य बिभिन्न निकाय तथा संघ संस्था बाट | | ✓ | ✓ | ✓ | ✓ | |
| अन्तिम मूल्याङ्कन तथा समिक्षा | | | | | | ✓ | |

## संभावित जोखिम न्यूनिकरणका उपायहरु

यस रणनीतिक योजनाको कार्यान्वयनका क्रममा आउन सक्ने संभावित जोखिम तथा उक्त जोखिमको न्यूनिकरणका उपायहरु तपशिल बमोजिम रहेका छन् ।

| क.सं. | संभावित जोखिम | न्यूनिकरणका उपायहरु | जिम्मेवार निकाय |
|---|---|---|---|
| १. | निर्वाचन पश्चात नव निर्वाचित जनप्रतिनिधिहरुको प्राथमिकतामा नपर्न सक्ने जोखिम | योजना कार्यान्वयन तथा सहजिकरणका लागी कर्मचारी सहितको संरचनाको निर्माण, शाखालाई जिम्मेवारि | कार्यपालिका |
| २ | योजना कार्यान्वयनमा वडा तहको सक्रियता न्यून हुन सक्ने | योजनाको कार्यान्वयनका लागी वडा तहमा समेत संरचना निर्माण गर्ने | लै.स.सा.स. समिति, महिला तथा बालबालिका शाखा |
| ३. | योजनाको कार्यान्वयनका लागी अन्य सरोकारवाला निकायहरु बिच समन्वय अभाव हुन सक्ने | सम्पर्क शाखा तथा ब्यक्तिको ब्यवसथा गरी जिम्मेवारी दिने | कार्यपालिका |